# गौमुल गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## घट्मुना, बाजुरा
## सुदूरपश्चिम प्रदेश, नेपाल

## शिक्षक सरुवा तथा काज सम्बन्धी व्यवस्था कार्यविधी २०८१

प्रमाणीकरण र प्रकाशन मितिः २०८१/०२/०९
प्रमाणित गर्नेको नामः हरी बहादुर रोकाया (अध्यक्ष)
दस्तखतः

# गौमुल गाउँपालिकाको शिक्षक सरुवा तथा काज सम्बन्धी व्यवस्था कार्यविधी २०८१

## प्रस्तावना

गौमुल गाउँपालिकाको शिक्षा ऐन २०७४ को दफा ६२ (२) ले दिएको अधिकार प्रयोग गरी गाउँपालिका भित्रको शैक्षिक व्यवस्थापनालाई जवाफदेही र सुशासनयुक्त बनाई शैक्षिक गुणस्तर सुधार गर्नका लागि गाउँपालिका गाउँ शिक्षा समितिले शिक्षकहरुको सरुवा तथा काज सम्बन्धी व्यवस्था गर्नका लागि देहाय बमोजिम कार्यविधी तयार गरेको छ । यो कार्यविधि गौमुल गाउँपालिका क्षेत्रभित्रका सामुदायिक विद्यालयहरुमा लागू हुनेछ ।

### १ संक्षिप्त नाम र प्रारम्भः

यस कार्यविधीको नाम **"गौमुल गाउँपालिकाको शिक्षक सरुवा तथा काज सम्बन्धी कार्यविधी २०८१"** रहेको छ ।

यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**क**) **"परिभाषाः"** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा,

ख) **"शिक्षक"** भन्नाले सामुदायिक विद्यालय सरकारी अनुदानको अस्थायी/ स्थायी शिक्षक तथा सरकारी राहत र गाउँ अनुदानमा कार्यरत शिक्षक तथा प्रधानाध्यापक बुझ्नुपर्नेछ ।

**ग**) **"शिक्षा ऐन"** भन्नाले सुदुरपश्चिम प्रदेश गौमुल गाउँपालिका शिक्षा ऐन २०८१ बुझ्नुपर्दछ ।

घ) "**कार्यालय"** भन्नाले गौमुल गाउँपालिकाको कार्यालय बुझ्नुपर्नेछ ।

**ङ**) **"सामुदायिक विद्यालय"** भन्नाले समुदायबाट वा सरकारी अनुदानबाट सञ्चालित आधारभूत तह (कक्षा १-५ र कक्षा १-८) र माध्यमिक तह (कक्षा ९-१२) को विद्यालय बुझ्नुपर्दछ ।

**च**) **" गाउँपालिका"** भन्नाले गौमुल गाउँपालिका बुझ्नुपर्नेछ ।

**छ**) **"शाखा प्रमुख"** भन्नाले शिक्षा युवा तथा खेलकुद शाखा प्रमुखलाई जनाउँछ ।

### २. सरुवा गर्ने आधार सम्बन्धी व्यवस्थाः

(१) विद्यालयले रिक्त भएको पदको विवरण पद रिक्त भएको एक हप्ताभित्र अनुसुची- १ मा तोकिएको ढाँचामा कार्यालयलाई उपलब्ध गरानु पर्ने छ ।

(२) सरुवा हुन चाहेको शिक्षकले सरुवाको उपयुक्त कारणखोली अनुसूची – २ मा तोकिएको ढाँचामा सरुवा फाराम भरी विद्यालय व्यवस्थापन समितिको निर्णय सहित साविक (छोड्ने) विद्यालयबाट सरुवा सहमति र सरुवा भै जान चाहेको (प्रवेश गर्ने) विद्यालयबाट सरुवा अनुमति प्राप्त गरी कार्यालयमा निवेदन दिनुपर्दछ ।

(३) गाउँपालिकाले रितपूर्वक प्राप्त निवेदन उपर छानविन गरी आवश्यकता र उपयुक्तताका आधारमा सरुवा गर्न सक्नेछ ।

(४) सरुवा गर्दा आधारभूत प्राथमिक तहको हकमा शिक्षक विद्यार्थी अनुपात र आधारभूत निम्नमाध्यमिक र माध्यमिक तहको हकमा शिक्षक विद्यार्थी अनुपातका साथै विषयगत आधारमा सरुवा गरिनेछ ।

(५) विद्यालयको प्रधानाध्यापकको जिम्मेवारी सहित शिक्षकलाई एक विद्यालय बाट अर्को विद्यालयमा सरुवा गर्दा निजले पेश गरेको विद्यालय विकास प्रस्ताव, निजको व्यवस्थापकीय कार्यकुशलता र नेतृत्व सीप र शैलीको आधारमा उपयुक्तता हेरी सरुवा गरिनेछ ।

(६) एकै विद्यालयमा तीन वर्ष सेवा अवधि पुगेका वा विशेष परिस्थितिमा शिक्षक कर्मचारीहरुलाई गाउँ शिक्षा समितिले सम्बन्धित विद्यालयको सहमति विना पनि गाउँपालिका क्षेत्रभित्रको अन्य विद्यालयमा सरुवा गर्न सक्नेछ ।

(७) माथि उपनियम (१) देखी (६) मा जुनसुकै कुरा लेखिएको भएतापनि गाउँपालिका भित्रको शैक्षिक व्यवस्थापन एवम गुणस्तर सुधार गर्ने क्रममा, शिक्षक दरबन्दी मिलान गर्ने, शिक्षक विद्यार्थी अनुपात मिलान गर्ने क्रममा आवश्यक पुष्ट्याई र तथ्यका आधारमा शिक्षा शाखाको सिफारिसमा शिक्षा समितले जुनसुकै बखत पनि शिक्षक तथा प्रधानाध्यापकहरुको एक विद्यालयबाट अर्को विद्यालयहरुमा सरुवा वा कामकाजमा खटाउन सक्नेछ ।

**३. अन्य स्थानीय तहमा सरुवा गर्ने वा काज खटाउनेसम्बन्धी व्यवस्थाः**

(१) अन्य स्थानीय तहबाट सरुवा भै आउन र सरुवा भै जानका लागी तहगत/विषयगत दरबन्दी र पद मिलान हुने गरी शिक्षा विकास तथा समन्वय इकाईसँगको समन्वयमा सरुवा गरिनेछ ।

(२) अन्य स्थानीय तहबाट सरुवा भै आउनका लागी अनुसूची-३ बमोजिमको ढाँचामा साविक (छोड्ने) विद्यालय र स्थानीय तहको सहमति र सरुवा भै आउन लागेको ( प्रवेश गर्न) विद्यालय र स्थानीय तहको अनुमित पत्र आवश्यक हुनेछ ।

(३) अन्य स्थानीय तहमा सरुवा भै जानको लागि साविक ( छोड्ने) विद्यालय र स्थानीय तहको सहमति र सरुवा भै आउन लागेको ( प्रवेश गर्ने) विद्यालय रस्थानीय तहको अनुमित पत्र आवश्यक हुनेछ ।

**४. शिक्षक तथा प्रधानाध्यापकलाई काजमा खटाउने सम्बन्धी व्यवस्थाः**

(१) सामान्यतया शिक्षक तथा प्रधानाध्यापकलाई विद्यालयको नियमित पठनपाठनमा असर नपर्ने गरी अन्यन्त्र विद्यालय तथा कार्यालयमा काजमा खटाउन हुदैन । तथापि सम्बन्धित शक्षकको विज्ञताको सेवा अन्य विद्यालय तथा कार्यालयलाई तत्काल आवश्यक भएमा, विद्यालयको शैक्षिक गुणस्तर न्यून भएमा, माथिल्लो तह र श्रेणीको शिक्षकले नेतृत्व लिनुपर्ने अवस्था देखिएमा वा आचार संहिता उलङ्घन वा अन्य कारणले शिक्षकलाई कार्यरत विद्यालयमा रहन र कार्य गर्न असुविधा र असुरक्षास्पष्ट आधार देखिएमा वा नसियत दिनु पर्ने भएमा औचित्य र आवश्यकताका आधारमा कार्यालयले बढीमा तीन शैक्षिक सत्र सम्मका लागी शिक्षक तथा प्रधानाध्यापकलाई अन्य उपयुक्त विद्यालय तथा कार्यालयमा काजमा खटाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम काजमा स रुवा भएका शिक्षक तथा प्रधानाध्यापकहरुले निजको तलब भत्ता साविककको विद्यालयबाट खाए तापनि सरुवा भएको विद्यालयमा कार्यक्षमता र योग्यताका आधारमा आर्थिक अधिकार सहितको जिम्मेवारी लिन सक्नेछ ।

**५. दरबन्दी मिलान**

(१) तोकिएको मापदण्डको आधारमा बढी दरबन्दी भएको विद्यालयबाट कम दरबन्दी भएको विद्यालयमा गाउँ शिक्षा समितिले दरबन्दी मिलान गर्ने सक्नेछ ।

(२) एकै विद्यालयमा तीन वर्ष सेवा अवधि पुगेका शिक्षक कर्मचारीहरुलाई गाउँ शिक्षा समितिले सम्बन्धित विद्यालयको सहमति विना पनि गाउँ क्षेत्रभित्रको अन्य विद्यालयमा सरुवा गर्न सक्नेछ ।

(३) प्रत्येक विद्यालयमा एउटा प्रारम्भिक बाल विकास केन्द्र रहने गरी बाल विकास केन्द्र र केन्द्रमा कार्यरत सहयोगी कार्यकर्ताहरुलाई आवश्यकताका आधारमा व्यवस्थापन गरिने छ ।

**६. कार्यविधि सम्बन्धी व्यवस्थाः**

(१) यस कार्यविधिमा उल्लेख नभएका शिक्षक सरुवा वा काज सम्बन्धी अन्य व्यवस्था संघीय/ प्रदेश शिक्षा ऐन नियमावली सम्बन्धी हुनेछ ।

**७. कार्यविधिमा संशोधन सम्बन्धी व्यवस्थाः**

(१) संघीय/ प्रदेश शिक्षा ऐन नियमावलीसँग तालमेल हुनेगरी गाउँशिक्षा समितिको सिफारिसमा गाउँपालिका बोर्डले समय समयमा यस कार्यविधिमा परिमार्जन वा संशोधन गर्न सक्नेछ ।

अनुसूचि -१
नियम १ संग सम्बन्धित
पद रिक्त भएको विवरण

श्री शिक्षा अधिकृत ज्यू
शिक्षा युवा तथा खेलकुद शाखा
गौमुल गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय
सुदूरपश्चिम प्रदेश, नेपाल

विषय: पदरिक्त रहेको सम्बन्धमा

यस विद्यालयमा ...........................................कारणबाट मिति .......................................... देखि ..........................तह र विषयको कार्यालय सहयोगी /सहायक बालबिकास सहजकर्ता शिक्षकका लागि पद रिक्त हुन आएको व्यहोरा अनुरोध छ ।

प्रधानाध्यापकको नाम :
हस्ताक्षर:
विद्यालय :
मिति:

अनुसूचि-२

नियम १ को उपनियम २ संग सम्बन्धित

सरुवा हुन दिइने निवेदन

श्री शिक्षा अधिकृत ज्यू
शिक्षा युवा तथा खेलकुद शाखा
गौमुल गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय
सुदूरपश्चिम प्रदेश, नेपाल

विषय: सरुवा सम्बन्धमा

मलाई निम्न लिखित विद्यालयमा सरुवा गरि दिनहुन देहायका विवरणहरु खुलाई निवेदन पेश गरेको छु ।

शिक्षकको नाम:
स्थायी ठेगाना :
तह र श्रेणी :
हाल विद्यालयको नाम र ठेगाना:
सरुवा भइ जानचाहेको विद्यालयको नाम र ठेगाना :
योग्यता र तालिम:
स्थायी नियुक्ति मिति:
हालको विद्यालय /पालिकामा काम गरेको अवधि:
सरुवा माग गर्नु पर्ने कारण:

निवेदकको
नाम:
सही:
विद्यालय:
मिति:

**<u>सरुवा भइ जाने विद्यालयको सहमति</u>**

यस विद्यालयका शिक्षक श्री ............................................................... लाई व्यवस्थापन समितिको मिति .............................. को निर्णयअनुसार यस विद्यालयबाट सरुवा भई जान सहमति प्रदान गरिएको छ ।

विद्यालयको छाप

<u>विद्यालय व्यवस्थापन समितिका</u>

<u>अध्यक्षको</u>

नाम:

सही:

विद्यालय:

मिति:

**<u>सरुवा भई आउने विद्यालयको सहमति</u>**

...............................................विद्यालयका शिक्षक श्री ...........................................लाई व्यवस्थापन समितिको मिति ......................................को निर्णय अनुसार यस विद्यालयमा सरुका भई आउन सहमति दिइएको छ ।

विद्यालयको छाप

विद्यालय व्यवस्थापन समितिको

नाम:

सही:

विद्यालय:

मिति:

अनुसूचि -३

नियम २ को उपनियम २ संग सम्बन्धित

अन्तर पालिका /जिल्ला सरुवा हुन दिइने निवेदन

श्री शिक्षा अधिकृत ज्यू
शिक्षा युवा तथा खेलकुद शाखा
गौमुल गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय
सुदूरपश्चिम प्रदेश, नेपाल

विषय: सरुवा सम्बन्धमा

मलाई निम्न लिखित विद्यालयमा सरुवा गरि दिनहुन देहायका विवरणहरु खुलाई निवेदन पेश गरेको छु ।

शिक्षकको नाम:
स्थायी ठेगाना :
तह र श्रेणी :
हाल विद्यालयको नाम र ठेगाना:
सरुवा भइ जानचाहेको विद्यालयको नाम र ठेगाना :
योग्यता र तालिम:
स्थायी नियुक्ति मिति:
हालको पालिका /जिल्लामा काम गरेको अवधि:
सरुवा माग गर्नु पर्ने कारण:

निवेदकको
नाम:
सही:
विद्यालय:
मिति:

**सरुवा भइ जाने गाउँ/नगरपालिकाको सहमति**

यस .......................................... .............................................................................गाउँ/नगरपालिकाका शिक्षक श्री ................................................................... लाई गाउँ/नगरपालिकाको शिक्षा समितिको मिति .............................. को निर्णयअनुसार यस गाउँपालिकाबाट सरुवा भई जान सहमति प्रदान गरिएको छ ।

विद्यालयको छाप

विद्यालय व्यवस्थापन समितिका

अध्यक्षको

नाम:

सही:

विद्यालय:

मिति:

**सरुवा भई आउने गाउँ/नगरपालिकाको सहमति**

................................................विद्यालयका शिक्षक श्री ............................................लाई गौमुल गाउँपालिकाको मिति .......................................को निर्णय अनुसार यस गाउँपालिकामा सरुका भई आउन सहमति दिइएको छ ।

गाउँपालिकाको छाप

शिक्षा शाखा प्रमुखको

नाम:

सही:

विद्यालय:

मिति: